अध्यक्ष

# श्री चारपोखरी महिला सामुदायिक वन उपभेक्ता समुह
## शितगंगा न.पा. १४ अर्घाखाँची
## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८२/०१/०८ (बुटबल टुडे)**

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १४ दव्यारमा घाटगढीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका ब्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | १९ | ३६३.८८ | १२५०।- | <u>कटान मुछान खर्च</u><br>काठ रु.१८६।-प्रति क्यू.फि.<br>दाउरा प्रति चट्टा रु. १८१५०।- |
| | | | B | २२ | २४३.३९ | ९००।- | |
| | | | C | ५९ | ३७०.९९ | ६००।- | |
| | | | D | ९ | ४०.९३ | ३००।- | |
| २ | असना | | A | ५ | ७२.५४ | ४००।- | |
| | | | B | ४ | ५१.३४ | ३००।- | |
| | | | C | ५ | ५०.८९ | १००।- | |
| ३ | जामुन | | C | ६ | ४३.१८ | १००।- | |
| ४ | साल दाउरा २.०० चट्टा | | | | | १२०००।- | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/०१/२८ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/०१/३० गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन वन कार्यालय अर्घाखाँची ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको कृषि विकास बैंक शाखा कार्यालय बुटवलमा रहेको खाता नं. ०४१५६००५६३२९४०११ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ (छ) महिनाको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

५. प्रति बोलपत्र बापत रु.१०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ

६. लिलाम हुने वन पैदावार शितगंगा १४ दव्यारमा रहेको घाटगढीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८२/०१/३१ गते दिउसो ३.०० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य ब्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

८.लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र **डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुने छ ।